# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७५।०४।१६ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

भोजपुर जिल्ला साविक दुम्माना गाउँ विकास समितिको कार्यालयको आदिवासी जनजाति विकास कार्यक्रम शीर्षकको सरकारी रकम अनियमितता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा आदिवासी जनजाति विकास कार्यक्रम अन्तर्गत आ.व.२०७०/०७१, २०७१/०७२ र २०७२/०७३ मा जेष्ठ नागरिक सम्मान तथा अभिनन्दन कार्यक्रम, भुजेल सशक्तिकरण कार्यक्रम, अपाङ्ग सचेतना कार्यक्रम र नेवार भाषा संस्कृति उत्थान कार्यक्रमको लागि विनियोजित बजेट र खर्चको विवरण तुलना गर्दा उक्त विकास कार्यक्रमको लागि विनियोजित रकम मध्ये न्यून रकम मात्र खर्च गरी बाँकी रकमको नक्कली बिल भरपाइ बनाइ सरकारी रकम हिनामिना गरी आफूहरुलाई गैरकानुनी लाभ पुऱ्याउने तथा नेपाल सरकारलाई गैरकानुनी रुपमा हानी नोक्सानी पुऱ्याउने कार्यमा संलग्न साबिक दुम्माना गाविसका तत्कालीन गाविस सचिव राजेन्द्र विश्वकर्मा, आदिवासी जनजाति विकास कार्यक्रम उपभोक्ता समिति, दुम्मानाका सचिव बमबहादुर श्रेष्ठ र अध्यक्ष सुन्दरकुमार मगरले देहाय बमोजिमको कसुर गरेको पुष्टी हुन आएकोले निजहरुलाई देहाय बमोजिमको सजायको मागदावि लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

| सि.नं. | नाम थर | पद | कार्यालय | बिगो | ऐन |
|---|---|---|---|---|---|
| १ | राजेन्द्र विश्वकर्मा | तत्कालीन गाविस सचिव | दुम्माना गाविस भोजपुर | रु.८६,८७५।- | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(१) र ८(१)(ङ)को कसुरमा सोही ऐनको दफा ८(१) बमोजिम कैद र जरिवाना सजाय हुन । |
| २ | बमबहादुर श्रेष्ठ | उपभोक्ता समितिका सचिव | आदिवासी जनजाति विकास कार्यक्रम | रु.६,५४,४१७।- | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(४) को कसुरमा सोही ऐनको दफा ८(४) बमोजिम कैद र जरिवाना सजाय हुन । |
| ३ | सुन्दरकुमार मगर | उपभोक्ता समितिका अध्यक्ष | आदिवासी जनजाति विकास कार्यक्रम | रु.६,५४,४१७।- | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(१) र ८(१)(ङ)को कसुरमा सोही ऐनको दफा ८(१) बमोजिम कैद र जरिवाना सजाय हुन । |

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता